**आशयपत्र माग सम्वन्धमा**
**ईनरुवा नगर कार्यपालिकाको कार्यालय**
सुनसरी
**प्रकाशित मिति :२०७६।०३।१३ गते शुक्रबार**

नेपाल सरकार र स्वीट्जरल्याण्ड सरकार बीचभएको सम्झौता अनुसार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय मार्फत यस सुनसरी जिल्लामा सुरक्षित वैदेशिक रोजगार सम्बन्धि आप्रवासी श्रोत केन्द्र (सूचना तथा परामर्श केन्द) सञ्चालन गर्ने तथा ईनरुवा नगरपालिका र भोक्रहा नरसिंह गाउँपालिकामा समुदाय सचेतीकरणका कार्यक्रमहरु, मनोसामाजिक परामर्श र वित्तीय साक्षरता सम्वन्धीकार्यक्रमहरु सञ्चालनमा सहयोग पुऱ्याउनका लागि सञ्चालन हुन गईरहेको सुरक्षित आप्रवासन कार्यक्रम(Safer Migration Program) का लागि आवश्यक परामर्श सेवा उपलब्ध गराउन ईच्छुक नेपालको प्रचलित नियमानुसार यस जिल्लामा दर्ता भएका देहायका योग्यता पुगेका संघ, संस्था एवं कम्पनिहरुबाट उक्त सेवाउपलब्ध गराउने सम्बन्धी आशय पत्र आहवान गरिएको छ । योग्यता पुगेका इच्छुक संस्थाहरुले यो सूचना प्रकाशित भएको पन्ध्र (१५) दिन (२०७६।०३।२७ गते) भित्रमा तर अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा त्यसको भोलिपल्ट कार्यालय समयमा ईनरुवा नगर कार्यपालिकाको कार्यालय, सुनसरीमा आईपुग्ने गरी निर्धारित ढाँचामा आशयपत्र पेश गर्न सकिनेछ । आशयपत्रको ढाँचा, सुचीकरणको आधार एवं अन्य थप आवश्यक कुराहरु ईनरुवा नगरपालिकाको वेभ साईटमा (inaruwamun.gov.np) र (bhokrahamun.gov.np) मा राखिएको छ ।

(१) आशय–पत्रदाताको योग्यता :

(क) अनुभव :कम्तिमा पाँच बर्ष अगाडी दर्ता भई कार्यक्रम सञ्चालन गरेको ।

(ख) प्रस्तावित कार्यसँग मिल्ने कार्यको अनुभव भएकोलाई प्राथमिकता दिइनेछ ।

(२) प्रस्तावितकार्य सम्पन्न गर्न लाग्ने अनुमानित समय :कम्तिमातीनबर्ष परामर्श सेवाप्रदान गर्नुपर्नेछ ।

(३) संक्षिप्त सूचीमा परेका फर्म, संस्थावा कम्पनीबाट मात्र परामर्श सेवा खरिद सम्बन्धी प्रस्तावना माग गरिनेछ ।

(४) आशय–पत्र दाताले आशयपत्रसाथ आशयपत्रको नमुनामा उल्लेख भए बमोजिमका कागजातहरु पेश गर्नु पर्नेछ ।

(५) आशय–पत्रपेश गर्ने स्थान: ईनरुवा नगर कार्यपालिकाको कार्यालय, ईनरुवा, सुनसरी

(६) आशय–पत्रतयार गर्ने निर्देशन आशयपत्रको ढाँचामा नै समावेश गरिएको छ उक्त निर्देशन पालना नभएको आशयपत्र उपर कारवाहि गरिने छैन ।

(७) सुरक्षित आप्रवासन सम्बन्धि सम्पुर्ण परामर्श सेवा एउटै परामर्श दाता बाट दिनु पर्नेछ ।

(८) यो सेवा प्रदान गर्नको लागि कुनै पनि व्यक्ति वा संस्था संग उप सम्झौता (sub contract) गर्न पाईने छैन । तर रेडियो मार्फत प्रसारण हुने रेडियो जिङ्गल प्रसारण तथा आप्रवासी कामदार हकहित सञ्जाल संग उप सम्झौता गर्न यो बुदाँले वाधा पुऱ्याउने छैन ।

(९) ईनरुवा नगर कार्यपालिकाको कार्यालयमा रहेका दर्ता फाँटमा दर्ता गराई, शिक्षा शाखामा बुझाउने,

१०) आवश्यक थप जानकारीका लागि सम्पर्क गर्ने ठेगाना र सम्पर्क व्यक्ति: ईनरुवा नगरकार्यपालिकाको कार्यालयको ईमेल: ict.inaruwamun@gmail.com